प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

☎०८३-५२०१८७
५२२१६४
५२१८३२
फ्याक्सः ०८३-५२५६१८
५२४७७४

पत्र-संख्या : ३/१/०७६/०७७
चलानी नम्बर : १५८१

मिति : २०७६।१२।१४

## प्रदेश विपद् व्यवस्थापन कोषमा योगदानका लागि सार्वजनिक अपिल

कोरोना भाइरस (COVID-19) संक्रमणले विश्वव्यापीरुपमा महामारीको रुप लिएको साथै नेपाल समेत यसको उच्च जोखिममा रहेको अवस्थामा यसको रोकथाम, नियन्त्रण तथा उपचारको व्यवस्था मिलाई पूर्णरुपमा तयारी अवस्थामा रहन अत्यावश्यक रहेको छ। यसै सन्दर्भमा, कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्का सदस्यज्यूले एक महिनाको तलब बराबरको रकम कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा योगदान गर्ने निर्णय भएको साथै कर्णाली प्रदेशमा कार्यरत तथा प्रदेश निजामती सेवाका कर्मचारीहरुबाट समेत सो कोषमा योगदान गर्ने निर्णय भएको छ। प्रदेशभर देखिन सक्ने सम्भावित जोखिमलाई नियन्त्रण गर्न आवश्यक स्वास्थ्य सम्बन्धी उपकरण तथा औषधि खरिद गर्न तथा संक्रमणबाट प्रभावित नागरिकहरुलाई स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा क्वारेन्टाइनमा राखी उपचारको व्यवस्था मिलाउन समेत आवश्यक छ।

यस सन्दर्भमा, प्रदेश सरकारद्वारा संचालन गरिने प्रदेश विपद् व्यवस्थापन कोषमा स्वैच्छिक योगदानको लागि सरकारी तथा गैरसरकारी संघ संस्था, निजी प्रतिष्ठान र सर्वसाधारण नागरिक समेतलाई सार्वजनिक रुपमा आव्हान गर्ने मन्त्रिपरिषद्को निर्णय भएको हुँदा तपसिल बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोषको बैंक खातामा स्वैच्छिक रुपमा रकम जम्मा गर्न सार्वजनिक आव्हान गरिन्छ।

तपसिलः
बैंक हिसाब नं. : ४०८०५०३००००००
बैंक नामः राष्ट्रिय बाणिज्य बैंक, सुर्खेत शाखा।
बैंक खाता रहेको निकायः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश।
प्रदेश विपद् व्यवस्थापन कोष (कर्णाली प्रदेश)

लक्ष्मी कुमारी बस्नेत
सचिव